# स्थानीय राजपत्र

## सिद्धार्थनगर नगरपालिकाद्वारा प्रकाशित

खण्डः १०) सिद्धार्थनगर रुपन्देही, नेपाल, आषाढ २४, २०८३ साल

## भाग २

**सिद्धार्थनगर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**सिद्धार्थनगर, रुपन्देही, नेपालको**

**सूचना**

नेपालको संविधान बमोजिम सिद्धार्थनगर नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको **"सिद्धार्थनगर नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ लाई प्रथम पटक संशोधन गर्न बनेको कार्यविधि, २०८३"** सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०८३ सालको कार्यबिधि नं. १**

## सिद्धार्थनगर नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ लाई प्रथम पटक संशोधन गर्न बनेको कार्यविधि,२०८३

**प्रस्तावनाः सिद्धार्थनगर नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ लाई** संशोधन वाञ्छनीय भएकोले,

नगर कार्यपालिकाले यो कार्यबिधि बनाएको छ ।

**संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यबिधिको नाम "**सिद्धार्थनगर नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (प्रथम संशोधन) कार्यविधि,२०८३**" रहेको छ ।

(२) यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ ।

**१. मुल कार्यबिधिको दफा २ मा ४ को इजाजतपत्र दस्तुरमा संशोधनः**

१. ईजाजतपत्र दस्तुर रु. ५,०००।०० को सट्टा १५,०००।००, ईजाजतपत्र नवीकरण दस्तुर रु.२,०००।०० को सट्टा रु.६,०००।००, ईजाजतपत्र नवीकरण थप दस्तुर रु.२,०००।०० को सट्टा रु. ६,०००।००, ईजाजतपत्र प्रतिलिपी दस्तुर रु. ५००।०० को सट्टा रु. १,०००।०० गरी संशोधन गर्ने ।

२. द्रष्टव्य पछि थप गर्नुपर्ने: अनुसूची-२ मा जुन सुकै कुरा लेखिएको भएतापनि आर्थिक ऐनमा दररेटका विषयमा संशोधन भएमा तोकिए बमोजिम हुनेछ। भन्ने वाक्यांश थप गर्ने।

**२. मुल कार्यबिधिको अनुसूची-५ को ३ मा मेशीन र उपकरण महलमा संशोधनः** टिपर/ट्याक्टर पश्चात ट्रक वाक्य थप गरी मध्ये कुनै एक थान गरी संशोधन गर्ने ।

**३. मुल कार्यबिधिको अनुसूची-५ को द्रष्टव्यमा संशोधनः**

१. **बुँदा नं. ४ पछि देहायको बुँदा थप गर्नेः** मेशिन तथा उपकरण सम्बन्धीत फर्म वा प्रोपराइटरको नाममा हुनु पर्नेछ ।

२. **नामसारी तथा ठाउँसारीः** सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालय, कम्पनी रजिष्ट्रारको कार्यालय, आन्तरिक राजस्व कार्यालयबाट नामसारी तथा ठाउँसारीका लागि आवश्यक प्रकृया पुरा गरी सम्बन्धित पालिकाबाट अनुरोध भई आएमा तोकिए बमोजिमको दस्तुर लिई ठाउँसारी तथा नामसारी गरिनेछ।

३. नामसारी/ठाउँसारी हुने इजाजत पत्रको हकमा अनुसूची-५ "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यताले बाधा पुग्ने छैन।

**आज्ञाले:**

जनक थापा

प्रमुख प्रशासकीय अधिकृत